बैशाख २, २०८०

मानिनय डा. प्रकाश शरण महत ज्यू

अर्थमन्त्री, नेपाल सरकार

सिंहदरबार, काठमाण्डौं ।

**विषयः बालपोषण भत्ता विस्तार एवं लगानी बृद्धि सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा नेपालको संविधान २०७२ को धारा ४२ ले सामाजिक न्यायको हक अर्न्तगत उपधारा (२) मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैंले गर्न नसक्ने तथा लोपान्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको कुरा यहाँलाई विधितै छ । सामाजिक सुरक्षा पद्दती तथा कार्यक्रम राज्य र नागरिक बीचको सम्बन्ध मजबुत गर्ने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम रहेको कुरा अवगत नै छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई विशेष संरक्षण पाउने अधिकार हुने व्यवस्था रहेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षा अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रूपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था रहेको छ ।

सामाजिक सुरक्षालाई क्रमश जीवनचक्रमा आधारित, अनिवार्य र सर्वव्यापी बनाइने भनिएता पनि बालबालिकाको जोखिमता बयस्कहरुको भन्दा धेरै र बहुयामिक प्रकृतिका रहेकाछन् । त्यसैले सामाजिक सुरक्षा सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्दा गरिबी र जोखिमताभित्र बाल जोखिमताको संवेदनशीलतालाई सुक्ष्म रुपमा ध्यान दिनुपर्ने हुन्छ । राज्यको सहयोग आवश्यक हुने विभिन्न समूहका बालबालिकाका लागि (आर्थिक अवस्था कमजोर भएका परिवारका, अनाथ/असहाय, अपाङ्गता भएका, एचआइभि/एड्स प्रभावित, आदि) सामाजिक सुरक्षा अन्तर्गत नयाँ कार्यक्रमहरु थप हुन र हाल प्रचलनमा रहेका मासिक भत्ताको रकममा वृद्धि गरि दायरा बढाउन अत्यन्तै जरुरी छ । बाल संवेदनशील सामाजिक सुरक्षा योजना तथा कार्यक्रममा संघीय संरचनाका तीनै तहहरुको योगदान हुनु अति आवश्यक छ । सामाजिक सुरक्षा कार्यक्रममा बाल संवेदनशीलता देखिएको छ तर, बाल जोखिमता, बालगरिबी, समावेशिता, समता लगायतका आयामहरुमा थप पहिचान र विश्लेषण गरी थप प्रयास अभिवृद्धि गर्नुपर्ने देखिएको छ ।

तसर्थ नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल भरिका दलित परिवारका र मानव गरिबी सुचाङ्कमा पछाडि **परेका २५ वटा जिल्लाहरु मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, अछाम, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, डोटी, बझाङ, बाजुरा, रसुवा, धनुषा, सप्तरी, बारा, दैलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा र बैतडी जिल्लाका गरी जम्मा २५ जिल्लाहरुका र दलित समुदायका देशभरका ५ वर्ष उमेर पूरा नगरेका एक आमाबाट जन्मिएका बढिमा दुई बालबालिकालाई हाल प्रदान गरिँदै आएको रु.५३२** प्रति महिना बालपोषण भत्ता बालबालिकाको पोषणका लागि अपुग रहेको तथ्य हामी माझ छ । वर्तमानका साझेदार भविष्यका कर्णधार र अहिलेको लगानीले राज्य र परिवारले पछि प्रतिफल पाउने बालपोषण जस्तो गम्भिर प्रकृतिको कार्यक्रमलाई ७७ वटै जिल्लामा विस्तार गरि हाल प्रदान गरिरहेको रकमलाई बृद्धि गरि बालबालिका पोषण भत्ता सहज ढङ्गबाट बालबालिकाले प्राप्त हुने गरि कार्यान्वयन गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ । तसर्थ, त्यस **अर्थमन्त्रालय** बाट आगामी आर्थिक वर्षको बजेटमा बालपोषण भत्ताको क्षेत्र र लगानीमा दिईआइरहेको रकम बृद्धिका लागि आवश्यक पहल गर्नका निमित्त यस सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल मार्फत ध्यानाकर्षण गराउँदछौं

सहयोग र पहलकदमीको अपेक्षा सहित धन्यवाद ।

भवदिय

तिलोत्तम पौडेल, अध्यक्ष

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

**Social Protection Civil Society Network (SPCSN)**

URL: www.spcsnnepal.org

Contact No.: 9851133858